# प्रदेश राजपत्र

मधेश प्रदेश, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५)जनकपुरधाम,नेपाल, माघ ३गते,२०७८साल(अतिरिक्ताङ्क १२(क)

भाग ३

## प्रदेश सभा सचिवालय

## मधेश प्रदेश, जनकपुरधाम

## सूचना

प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम ७३क. को उपनियम (२) बमोजिम प्रदेशको राजधानी तोक्ने प्रस्ताव सोही नियमावलीको अनुसूची ३क बमोजिम दर्ता भएका प्रस्तावहरुमध्ये प्रस्ताव नं.

१ जनकपुरधाम (उत्तरमा धनुषा जिल्लाको ढल्केबर पूर्व पश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, दक्षिणमा नेपालको सिमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा भित्रको सम्पूर्ण भू-भाग) नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजम प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भई **प्रदेशको राजधानी जनकपुरधाम (उत्तरमा धनुषा जिल्लाको ढल्केबर पूर्व पश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, दक्षिणमा नेपालको सिमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमा भित्रको सम्पूर्ण भू-भाग)** कायम भएको व्यहोरा सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को दफा ५ को उपदफा (१) बमोजिम माननीय सभामुखबाट प्रमाणीकरण समेत भइसकेकोले सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम निर्णय कार्यान्वयनका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले
रंजित कुमार यादव
सचिव
प्रदेश सभा, मधेश प्रदेश,
जनकपुरधाम